म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५९ | बुधबार १२ असोज २०७९ | ने. सं. ११४२ ञलगा | 28 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौँडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

## जनतासँग सरोकार राख्ने कानुन नबनाई सकियो प्रदेशसभाको कार्यकाल




साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ बागमती प्रदेशसभाको पहिलो कार्यकाल सकिएको छ ।

देश संघीयतामा गएपछि पहिलोपटक बनेको प्रदेशसभाको पाँच वर्षे कार्यकाल असोज १ सकिएको हो । नेपालको ईतिहासमा पहिलो पटक बनेको प्रदेशसभाको सदस्यहरु प्रदेशसभाबाट बिदा भइसकेका छन् । नेपालको संविधान २०७२ कार्यान्वयनमा प्रदेशले महत्वपूर्ण भूमिका खेलेको भएपनि आफ्नो पहिलो कार्यकालमा खासै उपलब्धिमुलक काम गर्न सकेन ।

पाँच वर्षको पहिलो कार्यकालको तीन वर्ष ऐन कानुन निर्माण गरेको प्रदेशसभा पछिल्लो दुई वर्षयता सत्ता परिवर्तन र राजनीतिक खिचातानीमा नै सीमित रह्यो । दुई वर्षदेखी ऐन कानुन निर्माणमा सुस्त बनेको बागमती प्रदेशसभाले औपचारिक बैठक नै नबसी आफ्नो पहिलो कार्यकाल सक्यो । साउनको पहिलो हप्ता सरकारले प्रदेशसभाको दशौं अधिवेशन अन्त्य गरेको थियो । अधिवेशन अन्त्यको अवस्थामा नै प्रदेशसभाले आफ्नो पहिलो कार्यकाल सकेको हो ।

प्रदेश सरकारले आफ्नो पहिलो कार्यकालको दुई वर्षमा नै आवश्यक ९९ वटा कानुन निर्माण बनाइसक्ने घोषणा गरेको थियो । तर, पछि सरकार सञ्चालनको लागि ९९ नभई ८२ वटा कानुन निर्माण गरे पुग्ने बताइएको भएपछि पाँच वर्षको अवधिमा ती ऐन कानुन निर्माण हुन सकेनन् ।

ऐन कानुन निर्माण गर्न बनेको प्रदेशसभाले पाँच वर्षको अवधिमा ७० वटा विधेयक पारित गर्यो । तीमध्ये १५ वटा संशोधन विधेयक, १० वटा बजेटसम्बन्धी विधेयक पारित गरेको प्रदेशसभाले पहिचान भएकामध्येका मुल कानुन भने ४५ वटा मात्रै बनायो । बनेका ती ऐनहरु पनि कुनै एकपटक त कुनै दुईपटक संशोधन भइसकेको प्रदेशसभा सचिवालयले जनाएको छ । संविधानसभाबाट बनेको संविधान गरेको व्यवस्थाबमोजिम स्थापित प्रदेशसभाले पाँच वर्षको अवधिमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने ऐन निर्माण नै गर्न सकेन । सरकार सञ्चालनको लागि आवश्यक पर्ने ऐनहरु निर्माण भएपनि जनतासँग प्रत्यक्ष सरोकार राख्ने ऐन भने निर्माण नभएका हुन् ।

आफ्नो आवश्यकता अनुसार ऐन निर्माण गरेको प्रदेश सरकारले जनतासँग प्रत्यक्ष ऐन निर्माणमा भने चासो नै नदिएको हो । आफ्नो स्वार्थ अनुसार काम गर्न धमाधम अध्यादेश जारि गर्न उद्वत रहेको सरकारले प्रदेश बीउ विजन ऐन २०७६, कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७६, रोजगार प्रवर्द्धन सम्बन्धी ऐन, नदीजन्यपदार्थ संकलन र उपयोगसम्बन्धी जस्ता आम नागरिकसँग सरोकार राख्ने ऐन निर्माणमा चासो नदेखाएको हो ।

प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठले पनि प्रदेशसभाले आफ्नो कार्यकालमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने ऐन कानुन निर्माण गर्न नसकेको स्वीकार गरे । उनले प्रदेशसभाले आफ्नो पहिलो कार्यकालमा करिव ४ दर्जन ऐन निर्माण गरेको भएपनि आम नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने ऐनहरु भने निर्माण हुन नसकेको बताए ।

श्रेष्ठले प्रदेशसभाले ६० प्रतिशत ऐन सरकारले नै निर्माण गर्ने बताए । उनले सरकारले संसदमा दर्ता गरेको ऐन मात्रै प्रदेशसभाले बनाउने भन्दै सरकारको प्राथमिकताअनुसार ऐन कानुन निर्माण भएको बताए ।

## जिसस मकवानपुरको वार्षिक समीक्षा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ जिल्ला समन्वय समिति मकवानपुरले मंगलबार आफ्नो वार्षिक समिक्षा गरेको छ ।

बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता र समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको अध्यक्षतामा वार्षिक समिक्षा भएको हो ।

कार्यक्रममा मकवानपुरका १० वटै स्थानीय तह, जिल्लाका डिभिजन वन कार्यालय, स्वास्थ्य कार्यालय, सिंचाइ तथा जलश्रोत कार्यालय र गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरुले प्रस्तुतीकरण गरेका थिए ।

कार्यक्रममा समाजसेवी सिद्धीलाल श्रेष्ठ, महिलातर्फ बबिता बानियाँ, सहकारीतर्फ मनकामना दुग्ध उत्पादक सहकारी संस्था, महिला मिलन बचत तथा ऋण सहकारी संस्था, इसीडी सञ्चालित आधारभूत विद्यालयमा शंखरेस्वरी प्रावि बकैया, झम्केश्वरी समूह पालुङ, गिता कृषि फार्मकी गिता रेग्मी, कर्मचारीतर्फ बकैया गाउँपालिकाका अनमी सर्मिला जिम्बा, भीमफेदी गाउँपालिकाका लेखापाल तोयानाथ तिवारी, जिल्ला समन्वय समिति मकवानपुरका कार्यालय सहयोगी सोममाया स्याङतान, गैरसरकारी संस्थाहरुमा सिवीन नेपाल, राडो नेपाल र माइती नेपाललाई सम्मान गरिएको छ ।

त्यसैगरी सूचना प्रविधिमा जिल्लामै उत्कृष्ट काम गरेको भन्दै थाहा नगरपालिकालाई पनि सम्मानित गरिएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका मेयर मिना कुमारी लामा, जिल्ला समन्वय समितिका उपप्रमुख सानुकाजी लुइटेल, थाहा नगरपालिकाका प्रमुख विष्णु विष्ट, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, नेकपा एमाले मकवानपुरका सचिवालय सदस्य राजन थापा, नेकपा माओबादी केन्द्र मकवानपुरका अध्यक्ष सर्केस घलान लगायतकाको आतिथ्यता रहेको थियो ।

## महिला भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ हेटौंडामा जारी जिल्लास्तरीय महिला भलिबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

समूह चरणको खेल मंगलबार सकिएसँगै सेमिफाइनल समीकरण पूरा भएको हो । केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजनामा सोमबारदेखि हेटौंडामा प्रतियोगिता भइरहेको छ । मंगलबार भएको समूह चरणको खेलबाट समूह 'क' को विजेता बन्दै बकैया गाउँपालिका सेमीफाइनलमा प्रवेश गरेको छ ।

बकैयाले सेमीफाइनलमा समूह 'ख' को उपविजेता हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको टिमसँग खेल्ने छ । यस्तै समूह 'ख'को विजेता बन्दै सेमिफाइनल प्रवेश गरेको मकवानपुरगढी गाउँपालिका समूह 'क'को उपविजेता थाहा नगरपालिकासँग सेमिफाइनलमा भेट पक्का गरेको छ । सेमिफाइनल चरणको खेल बुधबार बिहान हुनेछ भने फाइनल खेल बुधबार दिउँसो हुने आयोजक प्रतिष्ठानका महासचिव वसन्त कुमार सिटौलाले बताए । सोमबारदेखि सुरु जिल्लास्तरीय महिला भलिबल प्रतियोगितामा ७ वटा टिमको सहभागिता थियो । हुप्रचौरमा जारी प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेताले २५ हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने सिटौलाले जानकारी दिए ।

## घट्यो भुटनदेवी मन्दिरको पार्किङ शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ चर्को विरोधपछि हेटौंडा-१० भुटनदेवी मन्दिर परिसरमा लिइदै आएको पार्किङ शुल्क घटाइएको छ ।


चौतर्फी आलोचना भएपछि मन्दिर दर्शन गर्न गएका भक्तजनले सवारी पार्किङ गरेबापत लिइदै आएको शुल्क घटाइएको हो । नवरात्र शुरु भएसँगै मन्दिर दर्शनका लागि भक्तजनहरुको भीड लाग्न थालेको छ ।

मन्दिर व्यवस्थापन समितिले पार्किङ शुल्क बापत १०० रुपैया लिदै आएको थियो । अब पार्किङ शुल्क चार पाङ्गेसम्मलाई अधिकतम २५ रुपैंया निर्धारण गरिएको छ ।

शुल्कको विरोध भएपछि हेटौंडानगर उपमहानगरपालिका र मन्दिर व्यवस्थापनलाई जानकारी गराएसँगै शुल्क घटाइएको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले बताए ।

शुल्कको विषयमा आफूलाई जानकारी आएसँग जिल्ला प्रशासन कार्यालय, हेटौंडा उपमहानगरसँग समन्वय गरेको प्रहरी उपरीक्षक गौतमले भने । नवरात्र सुरु भएसँगै जिल्लाकै शक्तिपिठको रुपमा चिनिएको भुटनदेवी मन्दिरमा भक्तजनको भीड लाग्ने गरेको छ ।

## थप एकसय ८५ जना डेंगु संक्रमित



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ मकवानपुरमा एकसय ८५ जना डेंगु संक्रमित थपिएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको मंगलबार मकवानपुरमा एकसय ८५ जना डेंगु संक्रमित थपिएका हुन् ।

डेंगु संक्रमण पुष्टि हुनेमा एकसय ५३ जना हेटौंडा उपमहानगर पालिकाका रहेका छन् । यस्तै मकवानपुरगढी गाउँपालिकाका ५ जनामा, बागमती गाउँपालिकाका ५ जनामा, कैलाश गाउँपालिकाका १ जनामा, मनहरी गाउँपालिकाका १२ जनामा, भीमफेदी गाउँपालिकाका ७ जनामा, बकैया गाउँपालिकाका २ जनामा र राक्सिराङ गाउँपालिकाका १ जनामा संक्रमण पुष्टि भएको कार्यालयले जनाएको छ । योसँगै जिल्लामा डेंगु पुष्टि हुनेको संख्या २ हजार ६ सय ९१ जना पुगेको छ ।

## अनुगमनबाट माछा बरामद



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ घरेलु तथा साना कार्यालय मकवानपुरको समन्वयमा मंगलबार हेटौंडा-१०, स्थितबसपार्क क्षेत्रका माछा बिक्री स्थलमा अनुगमन गरिएको छ ।

चाडपर्व नजिकिएसँगै घरेलु कार्यालयले अनुगमनलाई तीव्रता दिएको छ । मकवानपुरका कार्यबाहक प्रमुख जिल्ला अधिकारी गुणराज न्यौपाने, सुरक्षा निकाय प्रमुखहरुको उपस्थितिमा अनुगमन गरिएकोथियो । अनुगमनबाट प्रतिबन्धित मांगुर जातको माछा बिक्री गरेको पाइएपछि बरामद गरिएको छ ।

विश्व स्वास्थ्य संगठनले बिक्री वितरणमा प्रतिबन्धित गरेको मांगुर माछा बेचविखन भइरहेको पाइएको थियो । न्यू मदन फिस सप, राजु फिस सप्लायर्स, सुवास फिस हाउस र छेदी फिस सपमा यस्ता माछा विक्री गरिएको पाइएकाले नियन्त्रणमा लिई अनुगमन टोलीले माछा बरामत गरेको छ । बरामद माछा मंगलबार नै नष्ट गरिएको छ ।

प्रतिबन्धित मांगर माछा विक्री गर्ने व्यवसायीलाई कानुन बमोजिक कारवाही हुने प्रशासनले जनाएको छ । अनुगमन टोलीले झण्डै ६० किलो माछा बरामद गरेको जनाइएको छ । मांगुर माछा खाँदा क्यान्सर जस्ता रोग लाग्ने डब्लुएचओले घोषणा गरेको छ ।

नेपालमा जलचर संरक्षण ऐन २०१७ अनुसार यस माछा विक्री वितरणमा प्रतिबन्ध गरिएको छ । कार्यबहाक प्रमुख जिल्ला अधिकारी गुणराज न्यौपानेको नेतृत्वमा प्रहरी प्रमुख बामदेव गौतम, सशस्त्र प्रहरी गण १४ का प्रमुख नेत्रबहादुर कार्की, घरेलु कार्यालयका प्रमुख टिका शर्मा, उपभोक्ता हित संरक्षण मंचका अध्यक्ष बासु खतिवडालगायतको सहभागिता थियो ।

## रनिङ्ग शिल्ड फुटसल प्रतियोगीता हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ पाँचौ संस्करणको मकवानपुरगढी गाउँपालिका रनिङ्ग शिल्ड फुटसल प्रतियोगिता आज बुधबारदेखि सुरु हुँदैछ ।

गढी स्टार स्पोर्टस् क्लबको आयोजनामा पाँचौ संस्करणको मकवानपुरगढी गाउँपालिका रनिङ्ग शिल्ड फुटसल प्रतियोगीता हुन लागेको हो । फुटसल खेल र खेलाडीको क्षमता विकास गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागेको प्रतियोगिताको संयोजक तथा क्लबका सचिव विदुर हुँमागाईले बताए । उनले प्रतियोगिताको सम्पूर्ण तयारी पनि अन्तिम चरणमा पुगेको बताए । अघिल्लो संस्करणभन्दा यस बर्ष पुरस्कार राशी पनि बढाइएको छ । यस संस्करणमा प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्रसहित ७५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै उपविजेता टिमले ५० हजार र तेस्रो हुनेलाई २५ हजार प्रदान गरिनेछ । प्रतियोगितामा सर्वोत्कृष्ट बन्ने खेलाडी, विधागततर्फ उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई प्रमाणपत्र र मेडल प्रदान गरिनेछ ।

प्रतियेगितामा मकवानपुरगढी गाउँपालिकाभित्रका १८ वटा टोलीको सहभागिता रहने अनुमान छ । मकवापनुरगढी गाउँपालिका वडा नं. ३ स्थित भानु मिनी पिचमा हुने प्रतियोगिताको फाइनल खेल यही १५ गते हुनेछ । बिजयादशमीको अवसरमा आयोजना गर्न लागिएको प्रतियोगिता सञ्चालनका लागि करिब ४ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

**रक्तदान कार्यक्रममा सहभागी बनौ**

२०७९ असोज १२ गते, विहान ७:३० बजेदेखि, बुद्धचोक हेटौंडा




Supported by:
Himalayan Motors Pvt.Ltd. हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५२०३३३
Sajhakura National Daily हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५२१११५

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
मकवानपुर बहुमुखी क्याम्पसमा

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

साझाकुरा

## हाम्रो कुरा

# रेबिज रोग र बच्ने उपाय

आज सेप्टेम्वर २८ विश्व रेबिजबिरुद्धको दिवस । फ्रान्सका माइक्रो बायोलोजिस्ट लुइस पास्चरले सेप्टेम्बर २८ मै मृत्युवरण गरेका थिए । रेबिजविरुद्धको खोप पत्ता लगाएर धेरै जनाको ज्यान जोगाउन उनले गरेको अध्ययन, मेहनतका लागि उनको सम्झनामा यो दिवस मनाउने गरिन्छ । यसदिन 'रेबिज विरुद्धको दिवस'को रुपमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु गरेर रेबिजको रोकथाम अनि यसबाट बच्न अपनाइने सुरक्षाका उपायबारे जानकारी आदानप्रदान गरेर मनाइन्छ । रेबिज एउटा भाइरस हो । यसलाई न्यूरोट्रोपिक भाइरस भनिन्छ, जस्ले जनावरहरुको शरीरमा प्रवेश गरेपछि रेबिज गराउँदछ ।

नेपालमा रेविज रोगविरुद्ध सरकारले लाखौं खर्च गरेर विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । तर, सरकारले लाखौ खर्च गरेपनि रेविजका बिरामीहरुको संख्यामा भने कमी आएको छैन । रेबिज रोग स्नायु नसामा प्रभाव पार्ने आरएनए भाइसरले गर्दा लाग्ने गर्छ । यो भाईरस संक्रमित जनावरको ऱ्यालबाट घाउको बाटो हुँदै मानिसको शरीरभित्र प्रवेश गर्छ । जुन विस्तारै स्नायुको नसाको माध्यमबाट मस्तिष्कसम्म पुग्छ । कृषी अनि पशुपालन मानव सभ्यताका नितान्त नियमित क्रमहरू हुन् । जनावरसंगको संसर्ग अनि जनावरको बाक्लो उपस्थिति भएका बस्ति, समुदाय र संस्कारमा २० सौं शताब्दी अगावै रेबिजको संक्रमण एकदमै धेरै देखिएको थियो । २० औं शताब्दीको सुरुवातसंगै विकसित देशहरु र रेबिजले धेरै प्रभावित मध्य युरोपमा रेबिजको संक्रमण नाटकीयरुपमा कम हुँदै गयो । जसको मूल कारण जनचेतना र रेबिजबिरुद्धको खोप नै हो ।

रेबिज रोग लागेपछि मानिसमा पानी र हावादेखि डराउने, अत्यधिक उत्तेजित व्यवहार गर्ने, घाउ भएको स्थानमा दुख्ने, ज्वरो आउने जस्ता लक्षणहरु देखिने चिकित्सकहरुले बताएका छन् । रेबिजबाट बच्न मुख्यगरी घरपालुवा जनावरलाई रेबिज विरुद्धको सुइ लगाउने, सामुदायीक कुकुरलाई नजिस्काउने, कुनै पनि शंकास्पद जनावरको सम्पर्कमा आएपछि वा त्यसले टोकेमा तुरुन्त विशेषज्ञ चिकित्साको परामर्श तथा उपचार लिने गर्नुपर्दछ । सरकारी स्वास्थ्य चौकीमा रेबिजबिरुद्धको खोप अनि रेबिज भाइरस शरीरमा प्रवेश गरिसकेपछि लगाइने सुईलाई अझै सहजरूपमा उपलब्धताका लागि सम्बन्धित निकाय र सरोकारवालाहरूले ध्यान दिन जरूरी छ । यो संक्रमणको जोखिममा हामी जो कोही पर्न सक्छौं, तसर्थ ध्यान पुऱ्याउन जरुरी छ । आजको दिन रेबिजबाट हुनसक्ने सक्रमण सम्भावना अनि स्वास्थ्य सुरक्षा तथा सेवाहरु, उपचारात्मक र निरोधात्मक विधि सम्बन्धमा सबै जागरुक भए रेबिजलाई संसारबाटै उन्मूलन गर्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज १३ गते बिहीबार २९ सेप्टेम्बर २०२२ । आश्विन शुक्लपक्ष चतुर्थी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:५६, सूर्यास्त ५:५१ । विश्व हृदय दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भाग्यबाट सन्तोष | तुला | : विदेशबाट लाभ |
| वृष | : अनावश्यक झंझट | वृश्चिक | : आफन्तमा विवाद |
| मिथुन | : गृहकलहमा वृद्धि | धनु | : मांगलिक कार्यमा मन |
| कर्कट | : सम्पत्तिबाट लाभ | मकर | : मानसम्मानमा वृद्धि |
| सिंह | : आर्थिक हानि | कुम्भ | : स्थानान्तरणको योग |
| कन्या | : आर्थिक लाभ | मीन | : धर्मबाट सन्तोष |

# काठमाडौंमा बालेनको डोजर र राजनीतिकर्मीको रहस्यमय मौनता



✍ सागर तिवारी

काठमाडौंका सडकलगायत सार्वजनिक स्थलहरूमा जथाभावीतन्त्र हावी भएको बेलामा सम्बन्धित निकायले कानमा तेल हालेर बस्ने छुट छैन, हुनु पनि हुँदैन । कानुनी प्रावधानहरू न्याय र सार्वजनिक हितका लागि निर्माण गरिएका हुन्छन् र गरिनुपर्छ । सबैले कानुन पालना गर्नुपर्छ, कानुनभन्दा माथि कोही हुनुहुँदैन । तर कानुन कसैलाई थिचोमिचो गर्ने हतियार पनि हुनुहुँदैन । पछिल्लो समयमा काठमाडौं महानगरपालिका (कामपा) ले आफ्ना मेयरको नेतृत्वमा केही क्रान्तिकारी कदमहरू उठाउने प्रयास गरिरहेको आमसंचारका माध्यमहरूमा छ्यापछ्याप्ती देख्न पाइन्छ । नक्सा विपरित निर्माण गरिएका संरचनाहरू भत्काउन तल्लीन देखिन्छ महानगरपालिका । यसअघि फोहोर व्यवस्थापन, दर्ता नगरिएका सडक व्यवसायहरू माथिको कारबाही लगायतका उपलब्धिबाट हौसिएको कामपा नेतृत्वले अहिले भवनसंहिता कार्यान्वयन गर्ने जमर्को गरेको देखिन्छ ।

सामाजिक संजालमा कामपा गतिविधि र खासगरी मेयर बालेन्द्र शाह (बालेन) को धेरै नै प्रशंसा पनि भएको छ । नेपाली समाजले खुलेर यति प्रशंसा गरेको सायदै कुनै सरकारी गतिविधि वा जनप्रतिनिधि होलान् । मेयर शाहले पनि काम गरेको देख्न-सुन्न पाइन्छ । निर्वाचनअघि अनेकथरी हुने-नहुने प्रतिज्ञाहरू गर्ने, तर चुनिएर गएपछि घुँयत्रोले फालेको ढुंगो झैं अत्तो-पत्तो नहुने हाम्रा तमाम जनप्रतिनिधिहरूको भोगाइमा परेका सर्वसाधारणलाई बालेनका गतिविधिले 'चाहृयो भने केही गर्न सकिने रहेछ' भन्ने जबर्जस्त सन्देश दियो । सायद त्यही भएर होला, मेयर भाइरल भएका छन् यतिबेला ।

केही छिटपुट राजनीतिकर्मीहरूले उनको कदमको बारेमा आलोचना गर्ने प्रयास गरे भने सामाजिक संजाललगायतका आमसंचारमाध्यमहरूबाट उनीहरूलाई ढुट्टो-पिट्ठो पारिन्छ । सकारात्मकै भएर हो कि, जनलहरको हुरीले उछिट्याउला भन्ने डरले हो, वा लघुताभासले हो, वा अन्य कुनै कारणले हो, आम जनसरोकारको विषय बनेको कामपा गतिविधिहरूमाथि राजनीतिक नेतृत्वले आफ्नो स्पष्ट धारणा विरलै मात्र राख्ने गरेका छन् । तर लोकतान्त्रिक पद्धति र विधिको शासनमा विश्वास गर्ने र कामपाका गतिविधि नजिकबाट नियालेर हेर्ने एउटा सामान्य नागरिकका मनमा केही प्रश्न उत्पन्न भएका छन् । काठमाडौं महानगरपालिका एउटा स्वायत्त स्थानीय निकाय हो । यसको आफ्नै नियम-कानुन तर्जुमा गर्नेदेखि कार्यान्वयन गर्ने र न्यायिक निरूपण गर्नेसम्मको अधिकार र क्षमता छ । गैरकाठमाडौंवासीहरूप्रति कामपाले जवाफदेही हुनु जरुरी छैन । तर यससँगै जोडिएका अन्य अवयव पनि छन् । काठमाडौं संघीय राजधानी पनि हो ।

नत्र काठमाडौंवासीको फोहोर वरिपरिका गरिब बस्तीका बासिन्दाले किन भिर्त्याउने ? कुनै छिमेकका जनप्रतिनिधिले कामपाका बस्ती वरिपरि आफ्नो फोहोर विसर्जन गराउने गन्तव्यका रूपमा सोच्ने छुट छ त ? कि कामपा र अन्य स्थानीय निकायको स्वायत्तताको बीचमा भिन्नता छ ? छ भने कसरी छ ? जनप्रतिनिधिसँग सम्झौता गरियो भन्दैमा पीडित व्यक्ति, परिवार, टोल वा समाजले बोल्नै नपाउने स्थिति काठमाडौंले भन्दा अरु कसैले सायदै सिर्जना गर्न सक्ला ।

यो लेख पढ्दै हुनुहुन्छ भने एकक्षण रोक्नुस्, आफूलाई प्रश्न गर्नुस् त कुन-कुन शर्तमा तपाईंका छिमेकी बस्तीले तपाईंको आफ्नो बस्तीमा फाल्यो भने तपाईंलाई ठिकै लाग्छ ? जवाफ भेट्नुभयो ? खैर, फोहोर व्यवस्थापनको बारेमा त ठेलीका ठेली किताब पनि पर्याप्त नहोलान्, तर कामपा नेतृत्वले यसबाट एउटा कुरा थाहा पाउन जरुरी छ । जति स्वायत्त भनिए पनि काठमाडौंको नेपाली समाजको कुना-कुनासँग अन्योन्याश्रित सम्बन्ध छ । त्यसैले त राज्यका अधिकांश सुविधा काठमाडौंमा सीमित हुँदा पनि खुसी छ नेपाली । आफ्नो गाउँमा कहिल्यै पिउनेपानीको पाइपको सपना नदेख्ने नेपालीलाई पनि काठमाडौंलाई मेलम्चीको पानी खुवाउने र हर छ । कहिले मोटरगाडी नचढेको नेपालीलाई पनि काठमाडौंका सडक चिल्ला भएको सुन्ने मन छ । आफ्नो गाउँको प्राथमिक स्वास्थ्य चौकीको ढोका खोल्ने व्यवस्था नभए पनि काठमाडौंमा सरकारी अनुदानमा अत्याधुनिक सुविधासम्पन्न दर्जनौं अस्पताल सुचारु गर्न पाउँदा गर्व गर्छ नेपाली ।

गाउँका सरकारी विद्यालयहरूका शिक्षकहरूले हाजिरै नगरिकन तलब खुवाउँदै गर्दा पनि काठमाडौंमा सरकारी खर्चमा दशौं उच्च शिक्षालय संचालन गर्छन् नेपाली । आफ्ना गाउँका सबै पौरखीहरू रोजगारीको खोजीमा मुग्लान पुग्नु परे पनि काठमाडौंका व्यवसायहरू मौलाएको हेर्न चाहन्छन् नेपाली । आफूले दियालो बालेरै बस्दा पनि काठमाडौंमा लोडसेडिङ अन्त्य हुँदा सन्तोषको सास फेर्छ नेपाली । पेट्रोलियम पदार्थको गन्ध पनि थाहा नपाएको नेपालीले अनुदान दिन्छ, सधैं घाटा व्यहोर्ने काठमाडौंकेन्द्रित सरकारी कम्पनी संचालन गर्छ- नेपाल आयल निगम ।

काठमाडौंलाई आफ्नो प्रतिष्ठासँग जोड्छ नेपाली । आफ्नो बस्तीमा भए पनि नभए पनि काठमाडौंमा जे छ, त्यो आफ्नो ठान्छ नेपाली । काठमाडौं नेपालीको निर्विकल्प राजधानी हो । काठमाडौंले सबै नेपालीलाई आकर्षण गर्छ । तर के त्यही काठमाडौंले दिग्भ्रमित हुन पुगेका केही विवश नेपालीले काठमाडौंको सपना देखेको दुष्परिणाम हो कामपाको सडक व्यापार बन्द गर्ने हुटहुटी ? कानुन केका लागि ? कानुनले निमुखालाई न्याय दिन सक्नुपर्दैन ? हो, यसको विकल्प खोज्ने जिम्मेवारी कामपाको होइन, तर आफ्नो राजधानी भनेर चिनेको त्यो नागरिकको पनि त के दोष ? ती निमुखाको बिचल्ली हुँदा जोकोहीलाई पीडाबोध हुन्छ, कामपाको नेतृत्वलाई हुँदैन ? नक्सा वा सडकका नाममा व्यवसायीलाई लखेट्दै गर्दा, हिजो खुलामञ्चमा संचालित व्यवसायीले भृकुटीमण्डपमा सशर्त स्थान प्राप्त गरेजस्तै प्रकारको वा अन्य प्रकारको विकल्प खोजिनुपर्ने थियो कि थिएन ? कामपाले अभियान छेड्दै गर्दा, आफ्नो नीतिको विश्लेषण गऱ्यो कि गरेन ?

कामपाले संघीय वा राज्य तहसँग यसको बारेमा गृहकार्य गर्ने र समाधान निकाल्ने प्रयास गऱ्यो कि गरेन ? यो लेखकले कामपाको आधिकारिक वेबसाइटमार्फत कामपाले अहिले गरिरहेका क्रियाकलापहरूको बारेमा अध्ययन गर्ने जमर्को गऱ्यो । गृह पृष्ठमा काठमाडौं दरबार क्षेत्र र स्वयम्भू महाचैत्यका तस्विरहरूको स्लाइड तथा कामपाको संक्षिप्त परिचयको श्रव्यदृश्य प्रमुख आकर्षण रहेछन् । त्यसपछि यहाँका मेयर, उपमेयर र प्रमुख प्रशासनिक अधिकृतहरूका तस्विरहरू । अनि 'नागरिक क्षेत्र' भनेर ९ वटा हाइलाइटेड लिंकहरू, र त्यसलगत्तै फेरि अर्का तीनजना अधिकारीहरूको तस्विरहरू । दायाँपट्टि 'सूचना र परिपत्रहरू' ।

कामपाले त्यत्रो प्राथमिकतामा राखेर गरेका क्रियाकलापहरू वेबसाइटमा पनि ठूला-ठूला अक्षरहरूमा हाईलाइटेड होलान् भन्ने अनुमान गलत साबित भयो । तर, कामपालाई ती हाकिमहरूको तस्विरहरूको महत्व बढी छ कि मानिसहरूका सम्पत्तिमाथि गरिन लागेको कारबाहीको जानकारी ? कसैले सडकमै सार्वजनिक स्थल मिचेरै लगानी गरेछ रे, आफ्नो श्रम पसिना त लगाएको छ नि ? जुन ३५ दिने सूचनाको नाम लिने गरिन्छ, कम्तीमा डोजर अभियान सुचारु हुन्जेल, त्यो सूचना कामपाको वेबसाइटको गृहपृष्ठमै हाईलाइटेड गरेर के बिग्रिन्थ्यो ?

अनि लेखकलाई झन् त्यो ३५ दिने सूचना पढ्न मन लाग्यो, सँगै रहेको 'सूचना र परिपत्र' हेडिङ अन्तर्गतको सूची हेर्न लाग्यो लेखक । हाईलाइटेड त यसभित्र पनि छैन । समयक्रमबद्ध गरेर राखिएका सूचनाहरूको सूचीमा पहिलो पृष्ठमा नभेटेपछि 'थप हेर्नुहोस' लिंक थिचेर सबै सूचनाको लिष्ट खोलियो । ४४ वटा पाना रहेछन्, १० पानासम्म जाँदा २०७९ जेठ महिनासम्म पुगियो, तर त्यो सूचना भेटिएन ।

गृहपृष्ठको माथि समाचार शीर्षकमा पनि कामपाका लागि महत्वका सूचनाहरू दाहिनेबाट देब्रे सर्दै एकपछि अर्को देखिने रहेछन्, असोज २ गते बिहानको कामपाको वेबसाइटमा विभिन्न १० वटा सूचनाहरू रहेछन् तर नियम विपरित निर्माण गरिएका संरचनाहरू भत्काइनेछन् भन्ने उल्लेख गरिएका सूचनाहरू भेटिएनन् । कहीं त थियो होला, त्यति महत्वको जानकारी त्योभन्दा सजिलै देखिने खालको व्यवस्था हुनुपर्ने थिएन र ? अनि कामपाका यस्ता निर्णयहरू कहिले भएका रहेछन् भन्ने हेर्न मन लाग्यो, निर्णयहरूको सूचीमा त नयाँ मेयरसाब आएपछि एउटा निर्णय पनि अद्यावधिक गरिएको रहेनछ ।

हो, कामपाको नयाँ नेतृत्व आएपछि आफ्ना कुनै पनि निर्णयहरू आधिकारिक वेबसाइटमा राखिएको रहेनछ । वेबसाइट खोतल्दै गर्दा अर्को रमाइलो कुरा पनि देख्ने अवसर मिल्यो, 'परिचय' शीर्षक अन्तर्गत, कामपाको परिचयको लागि जनप्रतिनिधिहरूको लिष्ट १७ पाना, कर्मचारीहरूको लिष्ट १० पाना रहेछ भने, 'हाम्रो परिकल्पना, अभियान र लक्ष्य' अन्तर्गत जम्माजम्मी १ पानामा तीन बुँदाहरू !

समग्रतामा, कामपा वेबसाइटको हविगत रहेछ, यसलाई चुस्तदुरुस्त राख्दा, नागरिकले सुसूचित हुन पाउने थिएनन् र ? पारदर्शिता लोकतन्त्रको कडी होइन र ? जे भए पनि, यो लेख कोरिदै गर्दा, कामपाका क्रियाकलापहरूलाई सापेक्षिकतामा हेरिएको छ । मानौं, कामपामा जे हुँदैछ, त्यो सकारात्मक छ । अधिकांश संचार माध्यममार्फत झ्याली पिटिएजस्तै, लक्ष्य र परिणाम पनि राम्रो छ । तर एकपटक पुनर्विचार गरेर हेरौं त, के ती क्रियाकलापहरू विकल्परहित थिए ? नक्सा विपरित बनाइएका संरचनाहरू जति छन्, तिनीहरूको सर्वेक्षण गरेर, कुनै एउटा निश्चित आधार तय गरेर, कामपाको मापदण्डमा नआएसम्म चक्रीय जरिवाना गर्दै लैजाने र त्यस्तो जरिवाना नतिर्नेहरूलाई अन्ततः कानुनी दायरामा नआउन्जेलसम्म राज्यका अन्य सुविधाबाट समेत अलग गराउने वा हदैसम्मको कैद सजायसम्मको पनि व्यवस्था गर्ने ।

एउटा उदाहरणको लागि मानौं, कसैले १० वर्ग मिटर क्षेत्रफलको जग्गामा ४ मिटर अग्लो संरचना मापदण्ड विपरित निर्माण गरेको रहेछ भने सम्बन्धित जग्गाधनीलाई मापदण्डमा नआउन्जेलसम्मको लागि प्रति वर्गमिटर जग्गाबापत दैनिक निश्चित रकम र हरेक मिटर उचाइबापत त्यही अनुसारको गुणक राखेर जरिवाना, हरेक महिनाको अन्त्यसम्म त्यो जरिवाना नतिरेसम्म तोकिएको व्याज र तोकिएको ढिला दस्तुरसम्मको व्यवस्थाह आफ्नो जग्गामा गरेको रहेछ भने एउटा दर, सार्वजनिक जग्गामा गरेको रहेछ भने त्यही अनुरुपको गुणक, शहरको विभिन्न भागलाई वर्गीकरण गरेर त्यही अनुरूपको गुणक ।

यसो गर्दा एकातिर कामपाले राजस्व प्राप्त गर्ने तर समय र स्रोतको बचत हुने, सम्बन्धित जग्गा वा संरचनावाला नै जिम्मेवार बनेर संरचनाहरूको हेरफेर हुने, कसैले संरचनाधनीसँग भाडा सहमतिमा लिएर भोगचलन गरेको भए सहमतिअनुरूपको न्याय प्राप्त गर्न सक्ने र समयक्रमसँगै कामपाले खोजेको परिणामहरू पनि प्राप्त हुने थिएनन् र ?

अनि सन्काहा पाराले व्यक्तिगत बलमिच्याइँले गरेका काम भन्दा यस्ता प्रणालीहरूको विकासले परिणामहरू दिगो पनि हुन्छन् । यो विकल्पको उल्लेख गर्दा, कामपाले यसरी नै काम गर्नुपर्ने थियो भन्ने सुझाव दिन खोजिएको कदापि होइन, यस्ता अनेक विकल्प त सम्बन्धित निकाय आफैंले खोज्नुपर्छ । 'सर्प पनि मर्ने, लठ्ठी पनि नभाचिने' कुनै विकल्प छ भने 'मेरो गोरुको बाह्रै टक्का' भन्न चाहिं रोकिनुपर्छ, यो एक आम नागरिकको माग हो ।

आखिर कलमले गर्न सकिने कामको लागि साँढे बनेर जोतिन जानु बुद्धिमत्ता होला त ? हुन त आफ्नो वेबसाइटमा कुन कुराको महत्व कति दिने भन्नेसम्म अक्कल नभएको कामपा नेतृत्वमा यस्ता कुराको अक्कल छ भन्ने ठान्नु, एक आम मानिसकै गल्ती पो हो कि ?

बालेनजीका विगतका ऱ्याप-ब्याटलदेखि चुनावी संमुखक हुँदै मेयर भइसकेपछिका अभिव्यक्तिहरूमा चातुर्यसँगै केही बौद्धिकता त झल्कन्छ, तर क्षणिक वाहवाहीमा उक्सिएर दीर्घकालीन समाधानको लागि अहिलेको नेतृत्व नराम्रोसँग चुकेकोछ । कतै कर्मचारीतन्त्र अघि-अघि मेयर-उपमेयर साबहरू ताते-ताते भएका त होइनन् नि ? भ्रष्टाचारतन्त्र र कर्मचारीतन्त्रले नबुझे पनि जनताबाट चुनिएर गएका प्रतिनिधिले आफूले कसको लागि के काम गर्ने भन्ने कुरा बुझ्न जरुरी छ ।

राज्यको सबैभन्दा प्रमुख दायित्व कमजोर-निमुखाहरूको रक्षाकवच बन्नु हो, गरि खानेहरूलाई गर्ने-खाने वातावरण तयार गर्नु हो । हेक्का रहोस्, राज्यको क्रियाकलापले एक जना निमुखाले आँसु निल्दैछ र हुनेखानेले थपडी बजाउँदैछ भने सरकार उल्टो बाटो हिंड्दैछ । राज्यको नेतृत्वले विगतका कमी-कमजोरीहरूलाई सच्याउँदै, समयसापेक्ष सुधार गर्दै अग्रगामी प्रणालीको विकास गर्ने हो । आम नागरिकप्रति भेदभाव गर्ने र अराजक हुने छुट राज्यलाई हुँदैन, तर कामपाको अराजकताले पराकाष्ठा पार गरिसकेको छ । राजनीतिक दल विरोधी भूतले कतै कामपा नेतृत्वको चेतना हरण गरेको नहोस् । एक आम नागरिकको शुभकामना ।

कामपाको संरचना लोकतान्त्रिक छ, कार्यकारी प्रमुखको जिम्मेवारी मेयरमा रहे पनि उप-मेयर, वडाअध्यक्ष, वडा-सदस्यलगायतका (कामपा वेबसाइट अनुसार १७ पाना !) निर्वाचित जनप्रतिनिधि हुन् । कामपाका गतिविधिहरू मेयर र कर्मचारीतन्त्र हावी भएको तर बाँकी जनप्रतिनिधिहरूलाई वास्ता नभएको भन्ने भान पार्ने खालका देखिन्छन् । हाम्रो प्रश्न, ती सबै जनप्रतिनिधिहरूलाई तपाईंहरूको सहमति हो कि, असहमति ? सहमति भए तपाईंहरूको प्रत्यक्ष उत्साहित संलग्नता कहिलेदेखि देख्न पाइन्छ ? भिन्न मत भए तपाईंको विचारमा हुनुपर्ने के हो ? लोकतन्त्रमा त आम जनताले तपाईंहरूलाई डोऱ्याउने, अनि तपाईंहरूले मेयरसाब र समग्र कामपालाई दिशानिर्देश गर्नुपर्ने होइन र ? कि कर्मचारीले मेयरसाबलाई कजाउने, तपाईंहरू र मिते बनेर बस्ने हो ? कि कर्मचारीतन्त्रले धुन्धुकारी क्रियाकलापहरू गर्दै जाने, तपाईंहरू विखलबन्दमा हो ? हो भने यस्तो किन हो ? जवाफ दिन नसके पनि, आफूभित्रै यी प्रश्नहरू सोध्नु जरुरी छ, जनप्रतिनिधिहरूले । किनकि कामपाका जनताले मेयर वा उपमेयर मात्रै चुनेका होइनन्, सबै जनप्रतिनिधिहरूले आ-आफ्नो भूमिका निभाउनु जरुरी छ । सही काम गर्नुस्, खुट्टा लुला नबनाउनुस्, एक आम नागरिकको शुभकामना ।

सरकारका तीन अंगका रूपमा विधायिका, कार्यपालिका र न्यायपालिका रहेका छन्, जुन सरकारी शक्ति-सन्तुलनका लागि लोकतन्त्रका कडी हुन् । केही समयअघि नर्बिक अस्पतालको नक्सा विपरित निर्मित संरचना तत्काल नभत्काउन आदेश जारी गर्न सक्ने न्यायालयले अरु संरचनाहरू भत्काउने क्रममा केही बोलेन । बालेनको ट्वीटको डरले हो कि, कसैले रिट नहालिदिएर हो कि, चौधरी ग्रुपको जस्तो पहुँच नपुगेर हो वा अन्य कुनै कारणले हजारौंको पसिनाले आर्जेको सम्पत्तिमाथि महानगरले ताण्डव मच्चाइरहँदा न्यायपालिका मौन छ, किन ? कानुन त अन्धो हुन्छ होइन र ?

होइन भने, कसैलाई अग्लो र कसैलाई होचो कानुनले कहिलेदेखि, कसरी देख्न थाल्यो ? विगतमा भूतपूर्व मेयर केशव स्थापित, पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई वा पूर्व उपप्रम विजय गच्छदार लगायतले यस्तै क्रियाकलापहरूको सुरुवात गर्दा न्यायिक समानताको लागि समग्र गतिविधिलाई नै पूर्णविराम लगाउन सक्ने न्यायपालिकालाई नै यसपालि कतैबाट हत्कडी लाग्यो र ? न्यायपालिकाले स्वतन्त्र रूपमा न्याय निरूपण गर्न सकोस्, एक आम नागरिकको शुभकामना ।

आमसंचारले आफूलाई राज्यको चौथो अंगको रूपमा गौरवान्वित गर्छ, राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा हुने घटनाहरूबाट जनसाधारणलाई सुसूचित गर्दछ । सँगसँगै ती घटनाहरूको बारेमा विभिन्न दृष्टिकोणका विश्लेषणहरूले पनि आमसंचारमा आफ्नो ठाउँ पाउँछन् । आमसंचार एकोहोरो स्तुतिगानमा रमाउन थाल्यो भने बुझ्नुस्, त्यसले आफ्नो मूल मर्म बिर्सेको छ ।

नेपालका केही अपवादबाहेकका संचारका साधनहरूमा कामपा गतिविधिको कुनै विवेचनात्मक विश्लेषण देख्न पाइँदैन । एक जनाको पनि विचल्ली भएको घटनाहरूलाई सेन्सिटाइज गरेर टीआरपी बढाउन तँछाड-मछाड गर्ने मिडियामा हजारौंको एकाएक विचल्ली हुने कामपा क्रियाकलापहरूको अन्यायकारी गतिविधिप्रतिको मौनता आफैंमा अर्थपूर्ण छ ।

पीडितहरूको पक्षपोषणको त कुरै छाडौं, प्रायः संचारमाध्यमहरूले उनीहरूको उपस्थिति देखाउन पनि गाह्रो मानेको देखिन्छ । तर एक आम नागरिकले सजिलै बुझ्न सक्ने कुरा के हो भने सडकमा व्यवसाय गरेर बस्ने लाखौंमध्ये सायदै कसैको काठमाडौंमा आफ्नो घर-जग्गा किन्ने क्षमता हुँदो हो, विरलैले मात्रै नेपालको कुनै भागमा कुनै रोजगारी प्राप्त गर्दा हुन् । आखिर एउटा सटर भाडामा लिएर व्यवसाय गर्न सक्ने कसले पो दिनभर साइकल वा ठेला गुडाएर व्यवसाय गर्ने जाँगर चलाउँछ र ?

तीमध्ये कति जनाले काठमाडौंमा एउटा फ्ल्याट भाडामा लिएर बस्ने क्षमता राख्थे ? ती मध्ये कुन चाहिं गाउँका जमिनदार वा तिनका आफन्ती थिए ? कति जनाले सामाजिक संजालमा अभियान गर्ने क्षमता राख्थे ? कति जनाको आमसंचारकर्मीहरूसँगको सहबास थियो ? कति जनाले वैदेशिक रोजगारीमा जानको लागि म्यानपावर कम्पनीमा बुझाउनुपर्ने दस्तुर तिर्न सक्ने थिए ? कति जनाले राज्यका तर्फबाट राहदानी वा नागरिकतासम्म पनि लिन नसकेका हुँदा हुन् ? सबैभन्दा कमजोरले विस्थापन हुनुपर्दा तिनको आवाज बन्न सक्नुपर्दैन मिडियाले ? सक्दैन भने राज्यको चौथो अंग कसरी हो मिडिया ? एउटा आम नागरिकको प्रश्न, अनि हरेक परिस्थितिमा साँच्चिकै आवाजविहीनहरूको आवाज बन्न सकोस् भन्ने शुभकामना ।

कामपाको अराजक गतिविधिप्रति राजनीतिकर्मीहरूको मौनता रहस्यमयी छ । कामपाले अहिले जे गर्दैछ, त्यो सही गर्दैछ भने अन्य कैयौं शहरमा पनि यस्तै अभियान संचालन किन नगर्ने ? कामपा बाहेकका ५ महानगरपालिका, १० उपमहानगरपालिका, २७५ नगरपालिकाहरूमा काठमाडौंमा जस्तो समस्या छैन ? नक्साबमोजिमका बाहेक संरचना निर्माण भएका छैनन् वा तिनीहरूमा कुनै निजी व्यावसायिक गतिविधि संचालन भएका छैनन् ? के तिनीहरूले ढल वा अन्य फोहोर निष्काशन गर्दैनन् ? के तिनीहरूका अन्य समस्या छैनन् ? कामपाले सही गर्दैछ भने राजनीतिक दलको नेतृत्वले आफ्ना कार्यकर्ता मेयर-उपमेयरसाबहरूलाई पनि कामपा मेयरसँग ट्युसन पढाए हुन्न ? मेयरसाबको व्यस्तताले नभ्याउने भए उहाँका पछि-पछि पठाउँदा त सिक्थे होलान् रमिता देखाउन ।

होइन, केही अपवादवाहेकका मेयर साबहरूले नीति तथा कार्यक्रम तयार गर्नुहुन्छ, स्थानीय संलग्नतामा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गर्नुहुन्छ, विरोधी पार्टीका भएपनि अन्य जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवीहरूसँग राय परामर्श लिनुहुन्छ, आफ्ना कुराहरू नगरपालिकाका सभामा राख्नुहुन्छ, सभाले जे-जे पारित गर्छ, आफूलाई व्यक्तिगत रूपमा मन परे नि नपरे नि त्यसको अपनत्व लिनुहुन्छ, सभाबाट पारित सबै निर्णयको कारबाही गर्न तत्-तत् निकायमा जिम्मेवारी बाँडफाँट गर्नुहुन्छ, आफ्नो तजबिजका गतिविधिको सुपरीवेक्षण इत्यादि गर्नुहुन्छ वा समग्रतामा एउटा लोकतान्त्रिक पद्धतिबाट समाज विकासको नेतृत्व गर्दै गर्नुहुन्छ, आम जनमानसको जीवन सहज बनाउने क्रियाकलापहरू गर्दै हुनुहुन्छ भने, उहाँहरूले सही गर्दै हुनुहुन्छ ।

हो, राजनीतिक दलका प्रतिनिधिहरूले अहिले जे गर्दैछन् त्यो पर्याप्त छैन, प्रतिनिधिका छनोटमा पनि अझ बढी लोकतान्त्रिक र जनउत्तरदायी प्रक्रियाको विकास र त्यही अनुसारका सामर्थ्यवान जनप्रतिनिधिहरू अगाडि आउन पनि जरुरी छ । तर केही अपवादका मतिभ्रष्टहरूलाई देखाएर, स्वतन्त्र पात्रका नाममा अराजकतालाई नै राज्यको उपस्थिति भन्ने अपव्याख्या गर्दै, समग्र दलीय व्यवस्थामाथि प्रहार गर्ने, निर्दलीयता, निरकुंशतालाई उकास्ने कार्य हुँदा राजनीतिक दलहरूले बहस छेड्न जरुरी छ ।

कुनै सामर्थ्यवान धनाढ्यले सार्वजनिक स्थलमा भव्य संरचना निर्माण गरेको रहेछ भने त्यसलाई जरिवाना गर्न र संरचना आफैं भत्काउन लगाउने जस्ता आफैंलाई जवाफदेही बनाउने कार्यको सट्टा राज्यले आफ्नो लगानीमा संरचना भत्काउँदै बस्ने अनि रमितेहरूले त्यस्ता बकम्फुसे क्रियाकलापहरूप्रति थपडी बजाइदिने काम हुन्छ भने 'दालमा केही कालो छ' भन्ने बुझ्न जरुरी छ ।

ती रमितेहरू कतै हिजो आन्दोलनका क्रममा भीडमा बसेर पुलिसलाई ढुंगा हान्ने, सामन्ती केन्द्रीय एकल शासनका पक्षधर, दलाल, भिजिलान्ते पात्र त होइनन् ? तिनको पर्दाफास गर्नु जरुरी छ । केही सनकीहरूलाई नायक बनाएर लोकतन्त्रमाथिको प्रहार स्वीकार्य छैन । यो एक आम, इमानदार, कर्मठ, न्यायप्रेमी, लोकतन्त्रमा भरोसा राख्ने, निमुखा नेपालीको विवेकशील आवाज हो ।

*-साभार: अनलाइनखबर*

# चुनावी खर्च सीमा: उम्मेदवारले २५ देखि ३३ लाखसम्म खर्च गर्न पाउने आयोगको प्रस्ताव




काठमाडौं/ निर्वाचन आयोगले मंसिर ४ मा हुने प्रदेश र प्रतिनिधि सभा सदस्य निर्वाचनमा उमेदवारहरूले गर्ने खर्चको सीमा तोक्न मंगलबार दलहरूसँग छलफल गर्ने भएको छ ।

त्यसका लागि आयोगले १२ दलका प्रतिनिधिलाई आयोगको केन्द्रीय कार्यालयमा छलफलका लागि बोलाएको छ । आयोग प्रवक्ता शालिग्राम पौडेलले ११ बजे दलहरूसँग छलफल राखिएको बताए ।

निर्वाचन आयोग स्रोतका अनुसार २०७४ को तुलनामा उम्मेदवारले गर्न पाउने खर्च बढाउने तयारी गरेको छ । ०७४ को निर्वाचनमा प्रदेश सभातर्फ प्रति उमेदवार १५ लाख र प्रतिनिधि सभातर्फ २५ लाख रुपैयाँ खर्च सीमा तोकेको आयोगले यो पटक त्यसमा हेरफेर गर्न लागेको हो । त्यसका लागि आयोगले दलहरूलाई खर्च सीमाको प्रस्ताव अध्ययनका लागि पठाइसकेको छ । जसमा जिल्ला पिच्छे फरकफरक छ ।

प्रवक्ता पौडेलले खर्च सीमाबारे विभिन्न प्रस्तावमा छलफल भएको र तिनै प्रस्तावहरूमाथि सुझाव लिएर निर्णय लिने बताए । 'वैज्ञानिक र तथ्यपरक ढंगले उम्मेदवारले गर्न पाउने खर्चबारे निर्णय हुन्छ । त्यसमा जिल्ला र निर्वाचन क्षेत्रको भुगोलदेखि जनसंख्या समेतलाई हेरिन्छ', प्रवक्ता पौडेलको भनाइ छ ।

आयोगले तयार पारेको प्रस्तावमा १६५ निर्वाचन क्षेत्रलाई ५ वटा क्याटागोरीमा विभाजन गरिएको छ । जसमा २५ लाखदेखि ३३ लाखसम्म एक उम्मेदवारले खर्च गर्न पाउने प्रस्ताव छ ।

आयोगले गरेको प्रस्ताव अनुसार ५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले २५ लाख, २३ वटाले २७ लाख, ६६ वटाले २९ लाख, ४४ वटाले ३१ र २७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले ३३ लाखसम्म खर्च गर्न पाउनेगरी प्रस्ताव गरेको छ ।

त्यस्तै निर्वाचन आयोगले सकभर आजैबाट निर्वाचन आचारसंहिता पुर्ण कार्यान्वयनमा ल्याउने भएको छ । 'आचार संहिता कार्यान्वयन कहिलेबाट गर्ने भनेर निर्णय नै त भैसकेको छैन । तर अव छिटै निर्णय भएर कार्यान्वयनमा जान्छ', आयोगका सहसचिव समेत रहेका पौडेलको भनाइ छ ।

## असोज १५ देखि विद्युतीय गाडी

बुटवल/ लुम्बिनी विकास कोषले असोज १५ गतेदेखि विद्युतीय गाडीको यान्त्रिक परीक्षण गर्ने भएको छ । मंगलबार बसेको कोषको सचिवालय बैठकले नम्बर प्लेट परिवर्तन नभएपनि दशैंको उपलक्ष्यमा ५ दिन चार्जिङ स्टेशन र गाडिहरुको यान्त्रिक परिक्षणका लागि गाडी सञ्चालन गर्ने निर्णय गरेको हो ।

असोज १५ देखि ५ दिनसम्म परीक्षण समेत हुने गरी नि:शुल्क यातायात सेवा सञ्चालन गर्ने निर्णय गरिएको कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईले जानकारी दिए । एशियाली विकास बैंकको क्लिन इनर्जी प्रोजेक्ट अन्तर्गत १३ करोड लगातमा डेढ वर्षअघि ५ वटा बस तथा १४ वटा भ्यान लुम्बिनी आएका थिए ।

बस सञ्चालनका लागि जिल्ला प्रशासन कार्यलय रुपन्देहीको सहयोग लिने र कोषका बोर्ड सदस्य बिश्वराज पौडेलको संयोजकत्वमा जावेद अख्तर र धर्मेन्द्र पाल सदस्य रहेको संयोजन समिति गठन गरेको छ । कोषले यसअघि लुम्बिनीमा रहेका विद्युतीय गाडी सञ्चालनका लागि कोषाध्यक्ष भट्टराईको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।

उक्त कार्यदलले कोषका अध्यक्ष तथा नागरिक उडडयन तथा पर्यटन मन्त्री जीवनराम श्रेष्ठलाई भदौ १२ गते प्रतिवेदन बुझाएको थियो । कोषको भदौ २३ गते बसेको कार्यकारिणी बैठकले कार्यविधिलाई अर्को बैठकले पास गर्ने निर्णय गरेको कोषाध्यक्ष भट्टराईद्धारा मंगलबार जारी विज्ञप्तीमा भनिएको छ ।

# २९ पुसमा साम्राज्ञी 'तिम्रो मेरो साथ'



काठमाडौं/ अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी शाह अभिनित फिल्म 'तिम्रो मेरो साथ' २९ पुसबाट प्रदर्शनमा आउने भएको छ । फिल्मका निर्माता तथा निर्देशक रमेश एमके पौडेलले मंगलबार आफ्नो जन्मदिनको अवसर पारेर फिल्मको रिलिज मिति घोषणा गरेका हुन् । प्रेम कथामा निर्माण भएको फिल्ममा साम्राज्ञीको जोडी अभिनेता पुष्प खड्का बनेका छन् । फिल्ममा सन्दीप क्षेत्री र सरोज खनालको समेत मुख्य भूमिका रहेको छ ।

फिल्मको पटकथा लेखन तथा कार्यकारी निर्माण चाहिं सबीर श्रेष्ठले गरेका छन् । फिल्ममा शिव ढकालको छायांकन, रामजी लामिछानेको नृत्य निर्देशन छ ।

बोधी एचडी र आर्यन फिल्मस्को ब्यानरमा बनेको फिल्म नेपाल भन्दा पहिले अमेरिका, अष्ट्रेलिया, बेलायत लगायतका देशहरुमा प्रदर्शन गरिने निर्माण पक्षले जनाएको छ । -साभार: रातोपाटी

# पर्यटन प्रवद्धनका लागि पदयात्रा



काठमाडौं/ विश्व पर्यटन दिवसका अवसरमा चाँगुनारायण नगरपालिका क्षेत्रभित्रका पर्यटकीय गन्तव्यको उजागर गर्ने उद्देश्यले मंगलबार चाँगुनारायण नगरपालिकाले आयोजना गरेको 'एकदिवसीय पदयात्रा कार्यक्रम-२०७९' सम्पन्न भएको छ ।

चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले खरिपाटीस्थित चाँगुनारायण नगरपालिका कार्यालयमा उद्घाटन गर्दै नगरपालिकाको प्रांगणबाट सुरु भएको पदयात्रा यहाँका धार्मिक सम्पदाहरु मर्णिकर्णिका, वाल्मीकेश्व, सरस्वतीथान हुँदै कल्पेश्वर महादेव मन्दिर कलमसी पुगेर सम्पन्न भएको हो ।

पदयात्रा समापन गर्दै नगरप्रमुख जीवन खत्रीले चाँगुनारायण नगरपालिका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक महत्व रहेको विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिरदेखि विश्व प्रसिद्ध पर्यटकीयस्थल नगरकोट यहीं नगरपालिका क्षेत्रभित्रका रहेको बताउँदै यहाँका सबै पर्यटकीय क्षेत्रको विकास गर्दै पर्यटकीय गन्तव्य बनाउने लक्ष्य रहेको बताए ।

उनले नगरपालिकाले आगामी २०८२ सालमा चाँगुनारायण पर्यटन भ्रमण वर्ष मनाउने घोषणा यस वर्षको नगरसभाले गरेको बताउँदै त्यसअघि नै नगरपालिकाले सबै पर्यटकीय गन्तव्यलाई पर्यटकको नजरसम्म पुर्‍याउने गरी कार्यक्रम सञ्चालन गर्ने बताए ।

## आश्रममा दशैं: छैन रौनक

तानसेन/ आफ्ना चौहत्तर वर्षीय श्रीमानलाई हात समातेर आश्रमको आँगन डुलाउनु फुलसा रास्कोटीको दिनचर्या बनेको छ । उनलाई नजिकिँदै गरेको दशैंको रौनक छैन ।

आफ्नो जीवनकालका ५० बढी दशैंहरू सम्झँदा यस वर्षको दशैं उनलाई नरमाइलो लागेको छ । पाल्पाको तिनाउँ गाउँपालिका-४ मस्यामका मानबहादुर रास्कोटी र फुलसा गत वर्षदेखि तानसेन वडा नं १ भुँसालडाँडा स्थित निलसागर आश्रममा बस्छिन् ।

'अर्कैको घरमा बसेर मेलापात गरी खान्थ्यौँ', फुलसा भन्छिन्, 'पोहर मेरो आँखा दुख्यो, केही देखिन गाउँलेले आश्रममा ल्याएर छाडे ।'

ती दम्पती सत्र वर्षदेखि अर्कैको घरमा बस्दै आएका थिए । घरपरिवार र अन्य आफन्त नभएका उनीहरू दशैंमा आश्रममै बस्ने बताउँछन् । आश्रममा देशका विभिन्न स्थानबाट २५ असहाय र असक्त आश्रित छन् ।

उनीहरुमध्ये अधिंकाशको घरपरिवार छैनन्, भएकाहरू पनि परिवारबाट अपहेलित हुनुपरेका जनाइएको छ । उनीहरूलाई सबै दशैंको कुनै रौनक छैन ।


## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

विष्णु गोपाल महर्जन (अध्यक्ष)
२ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।


फुर्वा दोर्जे लामा (अध्यक्ष)
१० नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

## जनहितमा जारी सूचना

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान ।
२) जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मोवारी बनौ ।
३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौ ।
४) आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।
(५) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं । निर्धारितमापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएकोपाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं ।
६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं ।

जुना दहाल (अध्यक्ष)
११ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

## जनहितमा जारी सूचना



उद्धव सत्याल (अध्यक्ष)
१७ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

फोन नं.: ९८४५४८७२३२

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## जनहितमा जारी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो ।
बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।
बालबालिकालाई विवाह होइन,
शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

रामकृष्ण कोइराला (अध्यक्ष)
१६ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

## जनहितमा जारी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो ।
बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।
बालबालिकालाई विवाह होइन,
शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

नरनाथ सुवेदी (अध्यक्ष)
१९ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

# नेपालको जितमा ह्याट्रिक गरेका अन्जनले चुमे व्यक्तिगत उपलब्धि



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ हेटौंडेली फुटबलर अन्जन विष्टको ह्याट्रिकमा नेपालले बंगलादेश विरुद्धको मैत्रीपूर्ण फुटबलमा विजय प्राप्त गरेको छ ।

खेलको पहिलो हाफमै अन्जनले ह्याट्रिक गरेका हुन् । दशरथ रंगशालामा मंगलबार साँझ भएको खेलमा नेपालले बंगलादेशलाई ३-१ गोलले पराजित गरेको हो । नेपालले दोस्रो हाफमा अग्रता फराकिलो बनाउन सकेन् । बंगलादेशले दोस्रो हाफमा एक गोल फर्काएको थियो । बंगलादेशका सजजाद हुसेनले एक गोल गरे । मंगलबारको खेलमा नेपालले नतिजा आफ्नो पक्षमा ल्याउँदा हेटौंडा-१० घर भएका अन्जनले व्यक्तिगत उपलब्धीपनि चुमेका छन् । नेपालको जितसँगै अन्जन राष्ट्रिय टोलीबाट अन्तराष्ट्रिय फुटबलमा सबैभन्दा धेरै गोल गर्ने खेलाडीहरुको सूचिको दोस्रो स्थानमा उक्लिएका छन् ।

अन्जनले हालसम्म १० गोल गरेका छन् । नेपालको फुटबल इतिहासमा सम्भवत: पहिलो हाफमै ह्याट्रिक गरेको पहिलो रेर्कड रहेको छ । अन्तराष्ट्रिय फुटबलमा नेपालका लागि अन्जनको ह्याट्रिक छैटौं हो । नेपालका लागि यसअघि नरेश जोशी, गणेश थापा, निराजन रायमाझी, भरत खवास र नवयुग श्रेष्ठले एक-एक ह्याट्रिक गरेका छन् ।

अन्जनले नेपालका लागि पहिलो गोल १८ औं मिनेटमा गरे । विमल घर्ती मगरको फ्रिकिकलाई अन्जनले हेडरमार्फत बललाई पोष्टको दिशा दिएका थिए । खेलाडीहरुको ठेलमठेलबीच अन्जनले गरेको हेडिङ प्रहारलाई बंग्लादेशका गोलरक्षकले भेउ नै पाएनन् । अन्जनले दोस्रो गोल खेलको २७ औं मिनेट गरे । तेज तामाङको प्रहार विपक्षी गोलरक्षक अनिसुर रहमानले पञ्च गर्दै बचाएपनि रिवाउन्डमा अन्जनले गोल गरेका हुन् । अन्जनले खेलको ३८ औं मिनेटमा ह्याट्रिक पूरा गरेका हुन् । पछिल्लो पटक सन् २०१६ मा नेपालबाट नवयुग श्रेष्ठले सन् २०१६ मा बंगलादेशमा भएको बंगबन्धु गोल्डकपमा माल्दिभ्सलाई ४-१ ले पराजित गर्दा ह्याट्रिक पूरा गरेका थिए । त्यसको ६ वर्षमा अन्जनले ह्याट्रिक गरे ।

मंगलबारको खेलसँगै नेपाल बांग्लादेशविरुद्धका पछिल्लो पाँच प्रतिस्पर्धामा अपराजित रहेको छ । नेपाल र बंगलादेशबीच हालसम्म २७ पटक भेट हुदा बंगलादेश १४ खेलमा विजयी भएको छ । नेपाल ८ खेलमा विजयी हुँदा ५ खेल बराबरीमा सकिएको छ ।

पछिल्लो पाँच खेलमध्ये नेपालले पछिल्लोपटक गत वर्ष माल्दिभ्समा भएकोसाफ च्याम्पियनसिपमा बंगलादेशसँग १-१ गोलको बराबरी खेलेको थियो । त्यसअघि नेपालमै भएको थ्री नेसन्स कपमा बंगलादेशलाई २-१ ले हराएर उपाधि जितेको थियो ।





**नयाँ नोट साट्नेको लाइन**: नेपालीहरुको महान पर्व बडा दशैं नजिकिएसँगै नयाँ नोट साट्नेहरुको बैंकमा भीड लाग्न थालेको छ । दशैंको लागि नयाँ नोट साट्न मंगलबार बिहान सबेरैदेखी नेपाल राष्ट्र बैंकमा लाइन लागेको थियो । बैंकले मंगलबारबाट नयाँ नोट साट्न थालेपछि पहिलो दिनमा नै सेवाग्राहीको लाइन लागेको हो । गत वर्षजस्तै यो वर्ष पनि सर्वसाधारणले प्रतिव्यक्ति १८ हजार ५ सय रुपैयाँ बराबर नयाँ नोट सटही गर्न पाउने बैंकले जनाएको छ । यो ५ देखि १ सय रुपैयाँसम्मको एक-एक वटा बन्डल हो । बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणलाई आजबाट नयाँ नोट सटही सुविधा दिने जनाएको छ । विशेषगरी दसैं, तिहार र छठका लागि सर्वसाधारणबाट नयाँ नोटको माग हुने गरेको छ । *-तस्बिर: साझाकुरा*

## खाद्यले तोक्यो खसीबोकाको बिक्री मूल्य



काठमाडौं/ खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दसैंका लागि खसीबोका र च्याङ्ग्राको मूल्य तोकेको छ । बुधबारदेखि बिक्री गर्नेगरी खाद्यले व्यापारीको भन्दा प्रतिकिलो ५० रुपैयाँसम्म सस्तो मूल्य तोकेको हो ।

खसीको बिक्री मूल्य प्रतिकिलो ६ सय ८० रुपैयाँ तोकिएको कम्पनीका बिक्री वितरण विभाग प्रमुख भीम थापाले बताए । उक्त मूल्यमा १० रुपैयाँ छुट दिइनेछ । च्याङ्ग्रो मूल्य १२ सय ६० रुपैयाँ तोकिएको छ । प्रतिकिलो १० रुपैयाँ छुटसहित उपभोक्ताले १२ सय ५० रुपैयाँमा किन्न पाउनेछन् । छुट दिँदा खसीबोका प्रतिकिलो ६ सय ७० र च्यांग्रा १२ सय ५० रुपैयाँ पर्ने बताइएको छ ।

खाद्यले बिक्री गर्ने मूल्य व्यापारीको भन्दा किलोकै ५० रुपैयाँ सस्तो हो । चौपाया खरिद बिक्री सेवा संघले मंगलबार लोकल खसीबोकाको मूल्य प्रतिकिलो ६ सय ८० देखि ७ सय १० रुपैयाँ तोकेको थियो । च्याङ्ग्रा प्रतिकिलो १३ सय रुपैयाँ तोकेको थियो ।

## सरसफाई र महामारी नियन्त्रणमा टोल विकासको भूमिका महत्वपूर्ण: अध्यक्ष न्यौपाने



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ हेटौंडा उपमहानगरको सरसफाई र स्वास्थ्य क्षेत्रमा आउने महामारी नियन्त्रणमा टोल विकास संस्थाहरुको भूमिका महत्वपूर्ण रहेको हेटौंडा-१ का अध्यक्ष सविन न्यौपानेले बताएका छन् । हेटौंडा १ चौकिटोलस्थित सहभागी टोल विकास संस्थाको १६ औं बार्षिक साधारण सभा उद्घाटन गर्दै अध्यक्ष न्यौपानेले टोल विकास संस्थाले टोलको सफाई, महामारी नियन्त्रण अभियान, दुर्व्यसन न्यूनीकरण तथा सदस्यहरुको बालबालिकाहरुको शिक्षामासमेत सहयोग गर्दै आएकोमा खुसी व्यक्त गरे । संस्थाका अध्यक्ष रुपा ढुंगानाको अध्यक्षतामा भएको भेलाले पुन: ढुंगानाकै अध्यक्ष्यतामा नयाँ कार्यसमिति गठन गरेको छ ।

मंगलबार भएको साधारणसभा तथा अधिवेशनबाट उपाध्यक्ष लिला ढकाल, सचिव निर्जला थिङ श्रेष्ठ, कोषाअध्यक्ष मेनुका लोप्चन, सह सचिव सीता लोप्चन र सदस्यहरुमा बिनुमाया श्रेष्ठ, नमिता कर्माचार्य, शुभद्रा सापकोटा र शोनी नेगी चयन भएका छन् ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका सदस्य ईश्वरी रसाइली, टोल विकास नगर समन्वय समितिको महासचिव शिवहरि दाहाल, शान्ति सिर्जना टोल विकास संस्थाको अध्यक्ष उत्तमप्रसाद पौडेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## राजमार्गका प्रचार सामग्री हटाइँदै

चितवन, ११ असोज/ इच्छाकामना गाँउपालिकाले राजमार्गमा राखिएका होर्डिङबोर्डका प्रचार सामग्री हटाउन सुरु गरेको छ । गाउँपालिकाको अनुमतिबिना अनधिकृतरूपमा राखिएका र सम्झौताको म्याद सकिएका प्रचार सामग्री हटाउन थालिएको हो ।

एक हप्ताको सूचना जारी गरेर प्रचार सामग्री हटाउन अनुरोध गर्दा पनि अटेर गरेपछि गाउँपालिका आफैंले हटाउन थालेको अध्यक्ष दानबहादुर



गुरुङले जानकारी दिए । उनले राजमार्ग क्षेत्रलाई कुरुप बनाउने गरी राखिएका प्रचार सामग्री सबै हटाइने र व्यवस्थित गरिने बताउनुभयो । ति क्षेत्रमा झण्डै २४ कम्पनीका एक सय बढी होर्डिङबोर्ड रहेको गाउँपालिकाले जनाएको छ ।

## चाडपर्व लक्षित गरेर यात्रुसँगै प्रहरीको गस्ती

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले चाडपर्व लक्षित सुरक्षा योजनाबारे जानकारी गराएको छ । चाडपर्वमा हुनसक्ने सम्भावित घटना रोक्न मकवानपुर प्रहरीले दर्जन यौजना कार्यान्वयन गर्ने तयारी गरेको छ । मकवानपुरमा चाडपर्व भरी प्रहरीलाई विदासमेत नदिई नागरिकको सुरक्षामा खटिने गरी काम गर्न लागिएको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले जानकारी दिए । प्रहरीले पिकेट, क्युआरटी, सादा पोशाक, मोवाइल गस्ती, चेकिङ गर्ने, साइकलमा गस्तीलाई २४ घण्टे बनाई चाडपर्व लक्षित सुरक्षा योजनामा ५ सय ७६ जना प्रहरी परिचालन गरिने प्रहरी उपरीक्षक गौतमले जानकारी दिए ।

जिल्लाको चारैक्षेत्रको नाकामा र जिल्लाभित्र रहेका ६२ वटै प्रहरी युनिटबाट पैदल, साइकल मोटरसाइकलमार्फत प्रहरी टोली परिचलन हुने जनाइएको छ । आम नागरिकलाई सुरक्षा प्रत्याभूति दिनका लागि रातदिन खटिने र सुरक्षित महसुश गरी चाडपर्व मनाउन आग्रह गरिएको छ । प्रहरीले सुरक्षित यात्रामा सहयोग गर्नका लागि रात्री बसमा हतियारसहित गस्ती गर्ने भएको छ । मकवानपुरको सीमामा पर्ने पश्चिममा लोथरदेखि दक्षिणमा चुरिया माई मन्दिरसम्ममा ६ वटा प्रहरी टोलीले यात्रुबाहक बसमा रातीको समयमा हतियारसहित गस्ती गर्ने जनाएको छ ।

यसक्षेत्रमा चाडपर्वको समयमा लुटपाट हुनसकने आँकलन गर्दै प्रहरीले यात्रुसँगै गस्ती गर्ने भएको एसपी गौतम बताउँछन् । प्रहरीले जिल्लाभर ९ स्थानमा नागरिक सहायता कक्ष स्थापना गरी लामो दुरीका यात्रुलाई आवश्यक सहजीकरण समेत सुरु गरिसकेको गौतमले बताए । जिल्लाभर दैनिकरुपमा सवारी चालकहरुको मादक पदार्थ र लागूपदार्थ सेवनको परीक्षण गर्ने व्यवस्था प्रहरीले गरेको छ ।

### सितु बचत तथा ऋण सहकारी संस्था लि.

भिन्तुनापथ, हेटौंडा-१, मकवानपुर

**बार्षिक साधारण सभामा उपस्थित हुने बारे सूचना**

*मिति : २०७९/०६/१२ गते*

उपरोक्त सम्बन्धमा यस सितु बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७९ आश्विन ५ गते बसेको कार्य समितिको बैठकको निर्णयानुसार यस संस्थाको **१२ औं बार्षिक साधारण सभा** निम्न अनुसारको मिति, समय र स्थानमा आयोजना गरिने भएको हुंदा उक्त कार्यक्रममा यहांको गरिमामय उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछु ।

**कार्यक्रम** :-

मिति: २०७९ कार्तिक १९ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: नेपाल भाषा खल:को सिद्धिदास हल

**छलफलका बिषयहरु** :-

१. वार्षिक योजना तथा बजेट स्वीकृत बारे ।
२. पदीय प्रतिवेदन बारे ।
क) लेखा सुपरिवेक्षण समतिको प्रतिवेदन बारे ।
ख) ऋण उप-समितिको प्रतिवेदन बारे ।
ग) सचिवको प्रतिवेदन बारे ।
घ) अध्यक्षको प्रतिवेदन बारे ।
ङ) कोषाध्यक्षको प्रतिवेदन, आ.ब. २०७८/०७९ को ले.प.को प्रतिवेदन बारे ।
३. विनियम संशोधन बारे ।
४. लेखा परिक्षकको नियुक्ती तथा पारिश्रमिक बारे ।
५. संचालक समितिको रिक्त पदपूर्ती गर्ने बारे ।
६. प्रतिनिधित्व गर्ने बारे ।
७. साधारण सभाको माइन्यूट प्रमाणित गर्ने सदस्यहरु चयन गर्ने बारे ।
८. कर्मचारी नियुक्ती तथा पारिश्रमिक, सेवा, सुविधा बारे ।
९. ऋण सम्बन्धमा ।
१०. विविध

**सचिव**

**नोट** :-
१) साधारण सभामा उपस्थित हुँदा संस्थाको परिचय पत्र अनिवार्य साथमा ल्याउनु पर्नेछ ।
२) साधारण सभामा उपस्थित हुने शेयर सदस्यहरुलाई मात्र यातायात खर्च प्रदान गरिनेछ ।







### HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना